**लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले सम्माननीय राष्ट्रपति डा. रामवरण यादवलाई प्रस्तुत गर्नुभएको लोक सेवा आयोगको छपन्नौं वार्षिक प्रतिवेदन बारेको**

# प्रेस विज्ञप्ती

आज मिति २०७२ असोज २८ गते विहीबारका दिन लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ बमोजिम तयार गरिएको लोक सेवा आयोगको छपन्नौं वार्षिक प्रतिवेदन राष्ट्रपति कार्यालय, शितलनिवासमा एक समारोहका वीच सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०७१/७२ को अवधिमा सम्पन्न गरेका कार्यहरु समावेश भएका छन्। सो अवसरमा आयोगका माननीय सदस्यहरु श्री बिन्द्रा हाडा (भट्टराई), डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री व्रह्म देव राय, श्री कृष्णचन्द्र झा तथा आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल राष्ट्रपतिको कार्यालयका उच्च पदस्थ अधिकारीहरु र आयोगका उच्च पदस्थ कर्मचारीहरुको उपस्थिति रहेको थियो।

नेपालको अन्तरिम संविधान, २०६३; लोक सेवा आयोग ऐन, २०६६ र अन्य सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम लोक सेवा आयोगले निजामती सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारहरुको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजूरी उपर टुङ्गो लगाउने कार्य सधैँ झैं यस वर्ष पनि नियमित रुपमा सम्पन्न गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ बमोजिम आयोगले आर्थिक वर्ष २०७१/७२ मा सम्पादन गरेका कार्यहरु समावेश गरी यो प्रतिवेदन तयार पारिएको छ।

आ.व. २०७१/७२ मा पनि विगतमा झैं निजामती सेवाका रिक्त पदहरुको माग संकलन गरेर उपयुक्त उम्मेदवारको छनौट गरी नियुक्तिका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुमा सिफारिश गरेको छ। निजामती सेवाको शर्त सम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा उपरको उजूरी सुनी निर्णय दिने, निजामती कर्मचारी उपरको विभागीय कारवाहीमा परामर्श दिने, विभिन्न सरकारी निकायहरुको निरीक्षण गर्ने, पाठ्यक्रम निर्माण र सुधार गर्ने, शैक्षिक योग्यता निर्धारण गर्ने लगायतका कार्यहरुले निरन्तरता पाएका छन्। नेपालको अन्तरिम संविधान, २०६३ लागू भए पश्चात् लोक सेवा आयोगले निजामती सेवाका अतिरिक्त सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमा खुला प्रतियोगिताबाट पूर्ति गरिने केही पदहरुको लिखित परीक्षा समेत सञ्चालन गर्दै आएको छ।

यस प्रतिवेदन अवधिमा आयोगले निजामती सेवाका रिक्त रहेका ७९९१ पदका लागि २३७९ वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो। जसका लागि जम्मा ५,९९,६६८ दरखास्त पर्न आएका थिए। कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या ३,६०,५०६ र पुरुष उम्मेदवारको संख्या २,३९,१६२ रहेको थियो। आयोगले विभिन्न श्रेणी र तहका गरी राजपत्रांकिततर्फ ७०३, राजपत्र अनंकिततर्फ ३९३८ र श्रेणीविहीन तर्फ १२१ गरी जम्मा ४७६२ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिश गरेको थियो। त्यसैगरी समावेशी समूहतर्फ २५८४ पदको लागि २,७४,८३१ उम्मेदवारहरुले दरखास्त फाराम भरेका थिए जसमध्ये १९७९ उम्मेदवारहरु नियुक्तिको लागि सिफारिश भएका थिए। प्रतिवेदन अवधिमा विभिन्न सरकारी निकायबाट विभागीय कारवाहीका लागि परामर्श माग भएकोमध्ये १६५ जनालाई कानून अनुसार विभिन्न विभागीय सजाय गर्ने गरी आयोगबाट परामर्श प्रदान गरिएको थियो। बढुवा उजूरीतर्फ बढुवा सूचना

उपर परेका २५ वटा उजूरीमा सुनुवाइ गरी टुङ्गो लगाइएको थियो भने आयोग समेतलाई विपक्षी बनाई दायर भएका ४३ वटा रिट निवेदनको लिखित जवाफ पठाइएको थियो ।

प्रतिवेदन अवधिमा २०७२ वैशाख १२ को महाभूकम्प र सो पछिका पराकम्पनहरुका कारण आयोगका परीक्षा र अन्तर्वार्ता कार्यक्रम समेत झण्डै ढेडमहिना पछि सर्न पूगेको थियो । त्यसैगरी आयोगलाई प्रविधिमैत्री बनाउने क्रममा रा.प.अनं.द्वितीय श्रेणीका केही पदहरुका करीव ९० वटा विज्ञापनमा Online बाट मात्रै दरखास्त संकलन गर्ने व्यवस्था गरे अनुसार ५१२५ आवेदन प्राप्त हुन आएको थियो ।

प्रतिवेदनमा आयोगले आफ्नो नियमित कार्यसम्पादनको सिलसिलामा अनुभूत गरेका नीतिगत, प्रकृयागत र कार्यविधिगत विषयहरू आयोग र आयोगको सचिवालयबाट पदपूर्तिको क्रममा हुने प्रतिनिधित्वको विषयमा अवलोकन गरेका विसंगतीहरू, आयोगको प्रतिवेदन कार्यान्वयको स्थिती, ऐन, नियम तथा सामान्य सिद्धान्त विपरित नियुक्ती, वढुवा, सरुवा भएका विषयहरू, आयोगले वार्षिक प्रतिवेदन एवं पटके निर्णयहरू गरि विभिन्न निकायहरूलाई दिएको परामर्शको कार्यान्वयनको अवस्थाका विषयहरु समाविष्ट छन् । यस प्रतिवदेनमा उल्लिखित विवरणहरुको अतिरिक्त आयोगले गंभीररुपमा लिएका केही विषयहरु उल्लेख गरिएका छन् । विशेष गरी आयोगको परामर्श लिनु पर्ने संवैधानिक प्रावधानको वेवास्ता गरेर एक सेवाबाट अर्को सेवामा सरुवा गरिएको विषयलाई सच्याउन आयोगले निर्णय गरी अनुरोध गर्दा पनि त्यसको अनादर हुन, प्रहरी लगायत केही सरकारी सेवाका पदहरुमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका बारेमा आयोगको परामर्श संविधानले नै अनिवार्य गरेकोमा यसलाई असर पर्ने गरी कानून संशोधन गर्दा पनि परामर्श नलिएको विषयलाई आयोगले पुनः ध्यानाकर्षण गराएको छ । त्यस्तै निजामती सेवामा देखिएका कमी कमजोरीहरु हटाउन महत्वपूर्ण सुझावहरु समेत दिइएको छ । निजामती सेवा क्रमशः जेष्ठतामा आधारित हुनेतिर उन्मुख हुँदै गएको र योग्यताका आधारहरुको बढुवामा योगदान घट्दै गएकोमा आयोगले चिन्ता व्यक्त गरेको छ । कर्मचारीहरु जनताप्रति पनि उत्तरदायी हुनु पर्ने व्यवस्था मिलाउन संरचना र प्रक्रियामा सेवाग्राही नागरिकहरुको प्रतिनिधित्व गराउन, दूर्गम जिल्लाहरुमा कर्मचारीहरु नजाने प्रवृतिलाई अन्त गर्न बढुवाका आधारहरुमा परिवर्तन गरेर प्रोत्साहित तुल्याउन तथा कर्मचारीहरुलाई संस्कृति, भाषा, परम्पराको बारेमा प्रशिक्षण दिएर विविध सांस्कृतिक समुदायमा प्रभावकारी सेवा दिन सक्षम तुल्याउन नेपाल सरकारलाई सुझाव दिइएको छ ।

निजामती सेवाप्रति आकर्षण बढाउन र निजामती सेवालाई अझ बढी सक्षम, सुदृढ, सेवामूलक एवं प्रभावकारी बनाउने सन्दर्भमा, निजामती सेवामा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेत यस प्रतिवेदनले समेटेको छ । आयोगले विगत पाँच वर्षहरुमा सम्पादन गरेका कामहरुको सारांश देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रवक्ता**
**राजिव गौतम**

# लोक सेवा आयोग र अन्तर्गतका कार्यालयहरूबाट सम्पादित
# कार्यहरूको संख्यात्मक विवरण

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ |
| १ | आयोगको बैठक संख्या | ६१ | ६४ | ४४ | ५८ | ५१ |
| २ | आयोगले गरेका निर्णयहरूको संख्या | २६४ | २३१ | २४५ | २३८ | ३३२ |
| | • विभागीय सजाय परामर्श सम्बन्धी निर्णयहरूको संख्या | ११९ | ८५ | १२८ | ८७ | १६५ |
| | • बढुवा उजूरी सम्बन्धी निर्णयहरूको संख्या | ६४ | ५० | ३२ | ५३ | ७८ |
| | • नीति नियम सम्बन्धी निर्णयहरूको संख्या | १८ | १७ | १४ | १६ | ११ |
| | • अन्य विषयसंग सम्बन्धित निर्णय संख्या | ६३ | ७९ | ७१ | ८२ | ७८ |
| ३ | पाठ्यक्रम निर्माण/परिमार्जन संख्या | २६ | १६ | १८ | ४ | १४ |
| ४ | विभागीय सजाय परामर्श (कर्मचारी संख्या) | १३४ | ८९ | १२५ | ८० | १६५ |
| ५ | रिट निवेदनको जवाफ संख्या | ४९ | ५५ | ६६ | ८९ | ४३ |
| ६ | कार्यालय निरीक्षण संख्या | ३६९ | ५६९ | ७२३ | ५०४ | ७९२ |
| ७ | विभिन्न रिक्त पदको जम्मा माग संकलन | ३८३८ | ३७७३ | ५३७९ | ६९७० | ७९९१ |
| | • प्राविधिक पदहरू | १८१३ | १७८४ | ३६५८ | ४९५२ | ५२७० |
| | • अप्राविधिक पदहरू | २०२५ | १९८९ | १७२१ | २०१८ | २७२१ |
| ८ | विज्ञापन तथा सूचना प्रकाशन संख्या | १,२२४ | ११२० | १४९५ | १८७९ | २३७९ |
| ९ | विज्ञापित पद संख्या | ३६६५ | ३५९२ | ५०७८ | ६८१३ | ७९१४ |
| १० | लिखित परीक्षा सञ्चालन हुने पदसंख्या | ३२०७ | ३२२७ | ४६१९ | ५७२५ | ६१९५ |
| ११ | विभिन्न पदका लागि दरखास्त दर्ता | २५१६५१ | २७१५७७ | ३६८८०५ | ५६०९१५ | ५९९६६८ |
| | • कूल दरखास्तमध्ये महिलाको संख्या | ११०३०७ | ११३७८५ | १७३४१८ | २५५२३४ | ३६०५०६ |
| | • कूल दरखास्तमध्ये पुरुषको संख्या | १४१३४४ | १५७७९२ | १९५३८७ | ३०५६८१ | २३९१६२ |
| १२ | प्रश्नपत्र निर्माण (सेट) | ८४० | १४०९ | १५७९ | ५३३ | १९३७ |
| १३ | प्रश्नपत्र मोडरेशन संख्या (सेट) | ९६६ | १०१६ | १३१० | १४६६ | १४६० |
| १४ | उत्तरपुस्तिका परीक्षण संख्या | ४२८४९४ | ५७४८६५ | ५६९२०५ | ४६३००५ | ७५८५६२ |
| १५ | सिफारिश उमेदवार संख्या | ३८३६ | २८१८ | २८४३ | ४६२१ | ४७६२ |
| १६ | आयोग र अन्तर्गत कार्यालयहरूमा कार्यरत कर्मचारी | २८५ | ३०५ | ३२१ | ३२३ | ३४३ |
| १७ | आयोगलाइ विनियोजन भएको बजेट (रु हजारमा) | २४७२५८ | ३७७५९४ | ३९२७४७ | ५८९७७१ | ६१६५०४ |
| १८ | राजस्व संकलन (रु. हजारमा) | ९२३३२ | ९५६८१ | १०२३२२ | १३०३१४ | १५३८८३ |
| १९ | धरौटी मौज्दात जम्मा (रु. हजारमा) | १८०३ | १०९२ | २१९१ | २५३९ | ३६५७ |
| २० | सूचनापत्र (बुलेटिन) प्रकाशन | ५२ | ५१ | ५१ | ५२ | ५१ |
| २१ | लोक सेवा आयोग समाचारपत्र (न्यूजलेटर) प्रकाशन अंक | | | ४ | ४ | ४ |
| २२ | निजामती सेवा पत्रिका प्रकाशन अंक | | २ | २ | २ | २ |

**नोट :** एक आर्थिक वर्षमा भएका विज्ञापनहरूमध्ये कतिपय विज्ञापनको सिफारिश अर्को आर्थिक वर्षमा हुने भएकोले विज्ञापित पदसंख्या र सिफारिश भएको पदसंख्यामा फरक पर्न गएको देखिन्छ ।

**मिति २०७२ असोज २८ गते**